सिफारिस गर्न सक्छः

(क) नि.शुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत।

**१७) बेपत्ता पारिएका व्यक्तिको परिवारका सदस्यमा को को पर्दछन् ?**

बेपत्ता पारिएका व्यक्तिको परिवारको सदस्यमा पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलका दाजु भाई वा दिदी बहिनी पर्दछन्।

**१८) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कसले उजूरी गर्न सक्छ ? आयोग आफैले छानविन सुरु गर्न सक्छ वा सक्दैन ?**

आयोगमा पीडित आफैले वा निजको तर्फबाट अन्य जोसुकैले उजूरी गर्न सक्छ। उजूरी लिखित वा मौखिक दुवै हुन सक्छ। कसैले मौखिक रुपमा उजूरी गरेमा आयोगले उजूरीकर्ताले भनेको कुराहरु लिपिवद्ध गर्दछ। पीडितको सुविधाको लागि आयोगले नि:शुल्क सेवा प्रदायक नम्बर १६६००१ २२१११ को व्यवस्था समेत गरेको छ। कसैले उजूरी नदिए पनि कुनै स्रोतबाट आयोगले बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा सूचना प्राप्त गरेमा त्यस्तो सूचनाका आधारमा आयोग आफैले छानविन सुरु गर्न सक्छ।

**१९) आयोगमा उजूरी दिदा कुनै दस्तुर लाग्छ लाग्दैन ?**

आयोगमा उजूरी दिंदा कुनै पनि किसिमको दस्तुर लाग्दैन।

**२०) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा उजूरी दिंदा वा प्रमाण पेश गर्दा उजूरीकर्ता वा साक्षीले आफ्नो सुरक्षा नहुने देखेमा के गर्नु पर्छ ?**

त्यस्तो उजूरीकर्ता वा साक्षीले आफ्नो सुरक्षाको लागि आयोगमा निवेदन दिनुपर्छ। आयोगले त्यस्तो व्यक्तिको सुरक्षाको उचित व्यवस्थाको लागि सिफारिस गर्छ।

**२१) उजूरीकर्ता वा साक्षीको नाम गोप्य राख्न सकिन्छ कि सकिदैन ?**

उजूरीकर्ता वा साक्षीले उजूरी दिंदा वा वकपत्र गर्दा आफ्नो सुरक्षामा खतरा हुने देखी आफ्नो नाम गोप्य राख्न अनुरोध गरेमा वा गोप्य राख्नु पर्ने अवस्था देखिएमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नेछ।

**२२) उजूरीका साथ के के कुरा खुलाउनु पर्दछ ?**

आयोगले उजूरीको ढाँचा पनि निर्धारण गरेको छ। आयोगले उजूरी दिने स्थान र समय तोकेर सूचना जारी गर्छ। त्यसरी तोकिएको स्थान र समयमा उजूरीको साथ आफूलाई थाहा भएसम्मका कुराहरु र त्यसलाई पुष्टि गर्ने कुनै प्रमाण कागजात भए सो समेत संलग्नराखी उजूरी दिनुपर्छ। उक्त प्रमाणहरुको अध्ययनबाट अनुसन्धान गर्न छिटो, छरितो र सजिलो हुनेछ।

**२३) सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका आश्रित वा पीडितलाई कसले परिपूरण प्रदान गर्छ ?**

आयोगले गरेको सिफारिसका आधारमा नेपाल सरकारले पीडितलाई परिपूरण प्रदान गर्छ।

**२४) आयोगको सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी कस्को हो ?**

आयोगको सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको हो।

**२५) आयोगको सिफारिस कार्यान्वयन भए नभएको कसले अनुगमन गर्छ ?**

आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्छ।

**२६) आयोगको काम कारवाहीमा कसैले बाधा विरोध गरेमा के हुन्छ ?**

कसैले आयोगको काम कारबाहीमा बाधा बिरोध गरेमा आयोगले त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पन्ध्र हजार रुपैयासम्म जरिवाना गर्न सक्छ। साथै कसैले आयोगको अवहेलना गरेको ठहर भएमा पन्ध्र हजार रुपैयासम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्छ।

**२७) आयोगले कसरी पीडित मैत्री रूपमा काम गर्छ ?**

आयोगले पीडितहरुबाट लिखित रुपमा वा आयोगले उपलब्ध गराएको फोन नम्बरबाट मौखिक रुपमा उजूरी लिने काम गर्छ। उजूरीकर्ता महिला भए उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत उजूरी लिने काम गर्छ। बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति भए निजहरुलाई उजूरी दिन विशेष व्यबस्था गर्न सक्छ भने त्यस्ता व्यक्तिहरु समावेश भएको उजूरी वा जानकारीका सम्बन्धमा अग्राधिकार दिई छानविन गर्ने व्यवस्था समेत मिलाउन सक्छ। साथै त्यस्ता व्यक्तिहरु आयोगसमक्ष उपस्थित हुन नसक्ने भएमा आयोगका अनुसन्धान अधिकारी उपस्थित भई वा नजिकको सरकारी कार्यालय मार्फत बन्दसवाल वा विद्युतीय माध्यमबाट बयान वा वकपत्र गराउने काम गर्न सक्छ।

**२८) व्यक्ति बेपत्ता पार्ने घटनाको सत्य तथ्य पत्ता लगाउने आयोगको कार्यमा के कसरी सहयोग गर्न सकिन्छ ?**

व्यक्ति बेपत्ता पार्ने घटनाको सम्बन्धमा तथ्यपरक उजूरी दिएर, आयोगले माग गरेको लिखत प्रमाण पेश गरेर, आफूलाई थाहा भएसम्मको जानकारी आयोगलाई उपलब्ध गराएर, आयोगले उपस्थित हुन भनेमा उपस्थित भएर, आयोगले खानतलासी गर्दा सहयोग गरेर आयोगको काममा सहयोग गर्न सकिन्छ।

**२९) व्यक्ति बेपत्ता पार्ने घटनाका सम्बन्धमा मेलमिलाप वा क्षमादान हुन सक्छ वा सक्दैन ?**

व्यक्ति बेपत्ता पार्ने घटनाका सम्बन्धमा मेलमिलाप वा क्षमादान हुन सक्दैन।

**आयोगका पदाधिकारीहरू**

श्री युवराज सुवेदी-अध्यक्ष
श्री विश्वप्रकाश भण्डारी-सदस्य
श्री डा. गंगाधर अधिकारी-सदस्य
श्री सुनिल रंजन सिंह-सदस्य
श्री सरिता थापा-सदस्य

## मर्यादाका लागि सत्य तथ्य, न्याय र परिपूरण

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नेपाल

## जानकारी पुस्तिका

**संचयकोष भवन Block B, पुल्चोक, ललितपुर**
**टोल फ्रि नं. १६६० ०१ २२१११**
**वेब ठेगाना** www.ciedp.gov.np
**फोन नं. ०१ ५०१०१७९, ५०१०१९६, फ्याक्स नं. ०१ ५०१०१६८**
**ईमेल ठेगाना** info@ciedp.gov.np, ciedpnepal@gmail.com

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्वन्धी संक्षिप्त जानकारी

**१) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग भनेको के हो ?**

सशस्त्र द्वन्द्वको समयमा थुप्रै व्यक्तिहरु बलपूर्वक बेपत्ता पारिएका थिए। त्यसरी बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन, पीडकलाई कानूनको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउनु पर्ने हुन्छ। सोही प्रयोजनका लागि बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा छानविन गर्न स्थापित निकाय नै बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग हो।

**२) सशस्त्र द्वन्द्व भन्नाले के बुझिन्छ ?**

सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्ष बीच भएको द्वन्द्वलाई सशस्त्र द्वन्द्व भन्ने बुझिन्छ।

**३) मानव अधिकारको गम्भीर उल्लङ्घन भन्नाले के बुझिन्छ ?**

मानव अधिकारको गम्भीर उल्लङ्घन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति (हातहतियार नबोकेको वा द्वन्द्वमा भाग नलिएको) वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएका व्यक्ति बेपत्ता पार्ने लगायतका विभिन्न कार्यहरुलाई बुझिन्छ।

**४) मानव अधिकार भनेको के हो ?**

मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका अधिकार हुन्। यस्ता अधिकारहरु मानिसले मानिस भएकै कारण स्वतः वा जन्मसिद्ध रूपमा प्राप्त गर्दछन्। यी अधिकारहरु सरकार वा कसैले खोस्न मिल्दैन। यी अधिकारहरुको प्रयोगमा जाति, लिंग, वर्ण, वर्ग, पेशा, क्षेत्र, धर्म, भाषा वा यस्तै आधारमा भेदभाव गर्न पाइदैन।

**५) नेपालमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग किन गठन गरिएको हो ?**

सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरुले बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य गरेका थिए। यसरी बलपूर्वक बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन हो। त्यसैले बेपत्ता पारिएका व्यक्ति र व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरुको बारेमा वास्तविक सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्न, पीडितलाई परिपूरण र पीडकलाई कानूनी कारवाहीका लागि सिफारिस गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.५ मा यस्तो आयोग गठन गर्ने व्यवस्था गरिएको थियो। सोही आधारमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन गरिएको हो।

**६) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन कहिले भयो ?**

यस आयोगको गठन नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१ साल माघ २७ गतेको निर्णय अनुसार भएको हो।

**७) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग कस्तो प्रकृतिको आयोग हो ?**

यो एक स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय आयोग हो।

**८) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले आफ्नो काम कारवाही कसरी सम्पादन गर्छ ?**

यस आयोगले स्वतन्त्र, निष्पक्ष, कसैप्रति झुकाव, मोलाहिजा वा बदनियत नराखी नेपालको संविधान, प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि लगायत मानव अधिकार र न्यायका सर्वमान्य सिद्धान्त बमोजिम आफ्नो कार्य सम्पादन गर्छ।

**९) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले कहिलेदेखि कहिले सम्मका घटनाको छानविन गर्छ ?**

आयोगले मिति २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गते सम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित व्यक्ति बेपत्ता पारिएका घटनाको मात्र छानविन गर्छ।

**१०) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले के के काम गर्छ ?**

आयोगले देहाय अनुसारको काम गर्छ:

(क) उपलब्ध भएसम्मका बेपत्ता पारिएका व्यक्ति सम्बन्धी सन्दर्भ सामग्रीको अध्ययन गर्ने,
(ख) पीडित परिवार तथा अन्य व्यक्तिहरुको तर्फबाट उजूरी आव्हान गरी संकलन गर्ने,
(ग) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र उपलब्ध गराउने,
(घ) बेपत्ता पारिएका व्यक्तिहरुको छानविन गरी निजहरुको अवस्था, बेपत्ता पारिएको कारण र प्रकृतिको जाँच गरी अभिलेख राखी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
(ङ) संभव भएसम्म र आवश्यकतानुसार बेपत्ता पारिएका व्यक्ति गाडिएको ठाउँ पत्ता लगाई उत्खनन् गर्ने,
(च) पीडित तथा पीडक यकीन गर्ने,
(छ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(ज) व्यक्ति बेपत्ता गर्ने कार्यमा संलग्न देखिएका पीडक विरुद्ध मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउने।
(झ) सम्बद्ध पक्षलाई छानविन पछिको जानकारी उपलब्ध गराउने।

**११) पीडक भन्नाले कसलाई बुझाउँछ ?**

पीडक भन्नाले सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने अपराधमा संलग्न व्यक्ति, व्यक्ति बेपत्ता पार्ने कार्य गर्न आदेश दिने व्यक्ति समेतलाई बुझाउंछ।

**१२) पीडित भन्नाले कसलाई बुझाउँछ ?**

पीडित भन्नाले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको व्यक्ति र निजको परिवारको सदस्यलाई बुझाउँछ।

**१३) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले व्यक्ति बेपत्ता पारिएका घटनाहरुको छानविन कसरी गर्छ ?**

आयोगले देहायका आधारमा व्यक्ति बेपत्ता पारिएका घटनाहरुको छानविन गर्छ:

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,
(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,
(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा।

**१४) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सत्य तथ्य कसरी पत्ता लगाउँछ ?**

यस आयोगले देहायका आधारमा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा सत्य तथ्य लगाउँछ:

(क) पीडितले उपलब्ध गराएको प्रमाणको विश्लेषण गरेर,
(ख) स्थलगत अध्ययन गरेर,
(ग) पीडकको बयान र साक्षीहरुको भनाई लिएर,
(घ) सार्वजनिक सुनुवाई गरेर,
(ङ) शव गाडिएको ठाउँ पहिचान गरी उत्खनन् गरेर तथा अन्य भौतिक प्रमाणहरुको बैज्ञानिक परीक्षण गरेर,
(च) बेपत्ता पारिएका व्यक्तिहरुसँग सम्बन्धित कागजातहरुको संकलन एवं अध्ययन गरेर,
(छ) खानतलासी तथा अन्य आवश्यक प्रक्रिया अपनाएर।

**१५) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सार्वजनिक सुनुवाई किन र कसरी गर्छ ?**

व्यक्ति बेपत्ता पारिएको विषयमा सत्य तथ्य पत्ता लगाउन, परिपूरण वा क्षतिपूर्ति सिफारिश गर्न र उपयुक्त ठानेका अन्य बिषयमा आयोगले पीडित, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार, स्थानीय बुद्धिजीवि र सरोकारवाला समेतको उपस्थितिमा सार्वजनिक सुनुवाई गर्छ। यस्तो सार्वजनिक सुनुवाईमा सरोकारवालाहरुले आफ्नो भनाई राख्ने भएकाले आयोगको अनुसन्धानात्मक कार्यमा समेत सहयोग पुग्छ।

**१६) परिपूरण भनेको के हो र पीडितलाई परिपूरण दिलाउने कुरामा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको के कस्तो भूमिका हुन्छ ?**

बेपत्ता पार्ने कार्यबाट त्यस्तो व्यक्तिका परिवारहरु पीडामा हुन्छन् र उनीहरुको जीवन यापन, शिक्षा लगायतमा नकारात्मक असर परेको हुन्छ। यसैले बेपत्ता पारिएका व्यक्तिका पीडितहरुले राज्यबाट क्षतिपूर्ति, विभिन्न किसिमका राहत सुविधाहरु र सहुलियत पाउने अधिकार राख्छन्। पीडितको इच्छा वा आवश्यकता बुझी प्राथमिकता अनुसार दिईने क्षतिपूर्ति, सुविधा, सहुलियतलाई परिपूरण भनिन्छ। आयोगले तल उल्लिखित कुराहरु परिपूरणको रुपमा पीडितलाई उपलब्ध गराउन नेपाल सरकारलाई